परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ११ २०८० असोज २१ गते आईतवार Sunday 8, OCT 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

सम्पादक

## थारु कल्याणकारी सभाको निर्वाचन विधान विपरीत नगर्न चेतावनी



जिल्ला सभापतिको उम्मेदवार प्रदीप कुमार विश्वासको समूह पत्रकार सम्मेलन गर्दै । तस्वीर : मंजु शर्मा

विराटनगर । थारु कल्याण कारी सभा मोरंगको निर्वाचन विधान विपरीत नगर्न एक समूहले चेतावनी दिएका छन् ।

जिल्ला सभापतिको उम्मेदवार प्रदीप कुमार विश्वासको समूहले नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा पत्रकार सम्मेलन गरी सो चेतावनी दिएको हो ।

थारु कल्याणकारी सभा मोरंग जिल्लाको १० औं महाधिवेशन गर्न पुनितलाल चौधरीलाई प्रमुख निर्वाचन अधिकृत तोकिएकोमा अधिकृतले सभाको विधान २०७५ अनुसार विधानको परिच्छेद ७ को दफा ३१ मा १ सभापति समेत १५ देखि २१ सदस्य जिल्ला कार्य समिति हुनेछ भनी व्यवस्था हुँदा हुँदै सो व्यवस्थालाई वेवास्ता गर्दै निर्वाचन अधिकृत गैरजिम्मेवारी रुपमा सभापति वाहेक असोज २३ गते निर्वाचन गर्न पत्रचार गरेपछि सभापतिका उम्मेदवार प्रदिप कुमार विश्वास समूहले विरोध जनाएको छन् ।

थाकस मोरंगले असोज ८ र ९ को महाधिवेशनमा २ जना सभापतिका लागि उम्मेदवारी दर्ता गराई सकेपछि निर्वाचन अधिकृतले सभापतिमा २ जनाको उम्मेदवारी परेकालाई प्राविधिक कारण देखाई निर्वाचन अधिकृतले असोज ९ गते निर्वाचन स्थगित गरेको थियो ।

सभापतिका उम्मेदवार प्रदिप कुमार विश्वास, उपसभापति जागेश्वर प्रसाद विश्वास, सचीव प्रशान्त चौधरी, कोषध्यक्ष ललीत चौभरी सदस्य मनोज विश्वास र श्रवण सुतिहारको समूहले निर्वाचन अधिकृत पुनितलाल चौधरीको विरुद्धमा जिल्ला प्रशासन कार्यालय मोरंग उजुरी दर्ता गराई सो उजुरी उपर सुवाही भाई विधान सम्वत निर्वाचन गर्न पत्रचार गरि सकेको छ । सोही विषयमा उच्च अदालत विराटनगरमा रिट दर्ता गराएकोमा अदालतबाट कारण देखाउ आदेश समेत जारी भई सकेको अवस्थामा निर्वाचन गर्न लागेको भन्दै यदि त्यस्तो गरिए इटाको जवाफ पथरले दिने नमोनारायण माझीले वताए ।

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशका मुख्य मन्त्रीले दिए राजीनमा

विराटनगर । नेकपा एमालेको नेतृत्वमा रहेको कोशी प्रदेश सरकारले आफ्नो पक्षमा विश्वासको मत जुटाउन नसकेपछि मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पदबाट राजीनामा दिएका छन् ।

संविधानको धारा १६८ को ३ अन्तर्गतको व्यवस्था अनुरुप संसदको सबैभन्दा ठूलो दलको नेताको हैसियतमा कार्की भदौ २२ गते मुख्यमन्त्री नियुक्त भएका थिए । मुख्यमन्त्रीले प्रदेशसभा बैठकमा विश्वासको मत लिने कार्यसूची थियो । तर, आफूले मत पाउने आधार नदेखेपछि पदबाट राजीनामा दिएका हुन् ।

कार्की भदौ २२ मा दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका थिए । यसअघि पनि विश्वासको मत नपाउँदा उनी पदमुक्त भएका थिए ।

कार्कीले आफु मुख्यमन्त्री बनेपछि आठ जनालाई मन्त्री बनाएका थिए । उनले आफूले शपथ ग्रहण गर्ने बेला चार जना र असोज ८ गते बाँकी चार जनालाई मन्त्रिमण्डलमा समावेश गरेका थिए ।

कार्कीले शपथ ग्रहणकै दिन तिलकुमार मेन्याङ्बो, पाँचकर्ण राई र एकराज कार्कीलाई मन्त्री

वांकी अन्तिम पेजमा...

## लागुऔषध सहित पाँच पक्राउ

विराटनगर । झापा र सुनसरीका तिन छुट्टाछुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउनसुगर र ट्याब्लेट सहित ५ जनालाइ प्रहरीले पक्राउ गरेको छ ।

बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय धुलाबारी र लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका-१० खयरडागीबाट झापाको मेचीनगर नगरपालिका-१५ का २६ बर्षीय कैलाश थेबेलाई १ ग्राम ५ सय मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित शुक्रबार साँझ पक्राउ गरेको थियो ।

त्यसैगरी प्रहरी चौकी बाघखोरबाट खटिएको प्रहरी टोलीले झापाको दमक नगरपालिका-३ का २० बर्षीय उमेश गुप्तालाई ८ सय मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

साथै ईलाका प्रहरी कार्यालय महेन्द्रनगर चकरघट्टीबाट खटिएको प्रहरी टोलीले सुनसरीको बराहक्षेत्र नगरपालिका-९ सयपत्री चौक स्थित भित्री सडक खण्डमा दक्षिणबाट उत्तरतर्फ आँउदै गरेको प्र १ ०२ ००२ ह ९३८७ नम्बरको अटो रोकेर चेकजाँच गर्ने क्रममा अटोको पछाडी सिट मुनि लुकाएर ल्याउदै गरेको प्रतिबन्धित औषधी स्पास्मो प्रोक्जिभन १८० पिस, नाईट्रोजन पेन १०० पिस, नाईट्रो भ्याट ३० पिस सहित अटो चालक बराहक्षेत्र नगरपालिका-७ का ५२ बर्षीय केशब श्रेष्ठ, ३५ बर्षीय प्रशान्त श्रेष्ठ र २३ बर्षीय निमेश भट्टराईलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## खुलेआम चीनी आयात, प्रहरीकै मिलोमतो भएको आशंका

विराटनगर । मोरंग धनपालन थान गाउँपालिका वडा नं. २ खैरबना वोर्डरबाट आयात गरी नेपाल भित्रियाएको १२ बोरा चीनी सहित एकजनालाई खैरबनाकै गाउँलेहरुले प्रहरीको जिम्मा लगााएको छ ।

खैरबनाको गाउँलेहरुले १ थान मोटर साईकल, १२ बोरा चीनी सहित सोहीटोल बस्ने गौतम कुमार साहलाई प्रहरी चौकी अमाही बरियाती खैरबनालाई असोज १५ गते आईतवार विहान जिम्मा लगाएको थियो ।

प्रहरी चौकी अमाही बरियातीले गाउँलेहरुले बुझाएको १२ वोरा चीनी, १ थान मोटर साईकल र गौतम कुमार साहलाई ईलाका प्रहरी कार्यालय रंगेलीलाई सोही दिन जिम्मा लगाएको थियो ।

इलाका प्रहरी कार्यालय रंगेलीले सोही दिन रानी भन्सार कार्यालयमा २ वोरा चीनी र गौतम कुमार साहलाई भन्सार कार्यालय रानीमा बुझाएको थियो । सोही दिन १० वोरा चीनी इलाका प्रहरी कार्यालय रंगेलीले वेवासरीसे फेलापरेको भनी रानी भन्सार कार्यालयमा बुझाएपछि चीनीको तस्करी प्रहरीकै मिलोमतोमा भई रहेको गाउँलेहरुले आशंका गर्न थालेका छन् ।

चीनी लोड गरेको मोटर साईकल समेत गाउँलेहरुले प्रहरीलाई बुझाएको थियो। तर सो मोटर साईकल भन्सारमा नबुझाएपछि प्रहरी माथि शंका हुनथालेको छ । एकै ठाउँवाट पक्राउ गरिएको १२ बोरा चीनालाई दुई किसिमले किन बुझाईयो ? प्रहरी माथि आमजनताले प्रश्न उठाएको छ । प्रहरीहरुकै मिलोमतोमा तस्करहरुले नेपाल भारत वोर्डरवाट चीनी लत्ताकपडा, खाद्यान सामग्रीहरु आयात निर्यात गर्ने गरको स्रोतका दावी छ ।

चीनी बरामद गरेकै गाउँमा रहेको प्रहरी चौकी अमाही वरियातीका प्रहरी सहायक निरीक्षक (असइ) संग यस विषयमा जानकारी लिन खोज्दा म भन्दा माथिकालाई सोध्नु यसबारेमा मलाई केही थाहा नभएको वताए । त्यसैगरी इलाका प्रहरी कार्यालय रंगेलीका प्रहरी निरीक्षक (इन्सपेक्टर) बुद्धि चौलागाइ सोध्दा १२ बोरा चीनी, गौतम कुमार साह र १ थान मोटर साईकल बरामद गरेको स्वीकार गर्दै साहले मेरा दुईवोरा मात्र भएको वताएपछि २ वोरा चीनी र साहलाई भन्सारमा बुझाएको वांकी १० वोरा चीनी

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

**पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।**

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

### साझा...

समाज नेपालका अध्यक्ष कमलप्रसाद भट्टराईले जानकारी गराए । अधयक्ष भट्टराईले छैठौं वार्षिक साधारणसाभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै निर्माणधिन भवन "जेष्ठ नागरिक मैत्री भवन" र अपाङ्गता मैत्री भवन निमार्ण गर्न लागिएको उहाँको भनाई थियो ।

भवन निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहयोगमा ८४ लाख ६० हजार, दुई सय रुपैयाँ लागत खर्चमा जेष्ठ नागरिक भवन निर्माण गर्न लागिएको उहाँले जानकारी गराए ।

कार्यक्रममा ग्रामथानकी दुई जना आर्दश बुहारी आशा चौधरी, लक्ष्मी चौधरी र एकजना एक सय चार वर्षकी जेष्ठ नागरिक तोकीदेवी विश्वासलाई आयोजकले सम्मान गरेको थियो ।

सम्मानीत हुनुहुने तिनैजनालाई प्रतिनिधि सभाका सभा सदस्य मोदी, प्रदेश सभाका सभासदस्य जयप्रकाश चौधरी, ग्रामथान गाउँपालिका का अध्यक्ष जयप्रकाश गच्छदारले शुभकामना दिएका थिए ।

### मोटरसाईकल...

उक्त मोटरसाईकल बिर्तामोड नगरपालिका-४ मेघावारी बाट चोरी गरी ल्याएको खुल्न आएको छ भने घटना सम्बन्धमा वडा प्रहरी कार्यालय भद्रपुरबाट थप आवश्यक अनुसन्धान भईरहेको छ ।

### निम...

दिनुस् । त्यसपछि पानीले मजाले धुनुस्। तपाईंको शरीरका सारा ब्याक्टेरिया नष्ट हुन्छन्। यसको विकल्पमा नीमका केही पात पानीमा राखेर रातभरि छोडिदिनुस् अनि बिहान उठेर त्यो पानीले शरीर नुहाउनुस् ।

नीमले तपाईंको शरीर प्रणालीलाई सफा राख्छ। यसले गर्मी पैदा गर्छ र शरीरमा तीव्र एवं प्रचण्ड ऊर्जा उत्पन्न गराउँछ । -एजेन्सी

### थारू...

थाकसको निर्वाचन हुनु भन्दा १५ दिन अगाडी निर्वाचनको सूचना जारी हुनुपर्ने, सभापतिको छनौट निर्वाचन प्रक्रियावाट हुनुपर्ने र थाकसको विधान अनुसार निर्वाचन हुनपर्ने, यदि त्यसो नगरीए त्यसको कडा प्रतिवाद गर्ने सभापतिका उम्मेदवार प्रदिप कुमार विश्वासले वताए ।

### खुलेआम...

कस्को हो भनी थाहा नभएपछि वेवारीसे भनेर बुझाएको वताउँदै मोटरसाईकल इलाका प्रहरी कार्यालयमा राखिएको छ सो सम्वन्धमा अनुसन्धा भईरहेको वताए ।

२ वोरा चीनी सहित गौतम साहलाई इलाका प्रहरी कार्यालय रंगेलीले बुझाएपछि साहलाई धरौटीमा छाडेको र वेवारीसे १० वोरा चीनीको समेत कानूनी प्रक्रिया पुरागरी लिलाम जाने भन्सार स्रोतले वताए ।

भारतीय बजारमा चीनी प्रति किलो ७० रुपियाँ नेपालीमा पाउँछ भने सोही चिनी भारतवाट तस्करी गरी नेपाल ल्याएपछि दशै, तिहार, छठको अवसरमा १ सय १५ रुपियाँ किलोमा विक्री वितरण गर्ने गरिन्छ ।

### कोशी...

बनाएका थिए । त्यसबेला सिर्जना राई राज्यमन्त्री बनेकी थिइन् ।दोस्रोपटक मन्त्रिमण्डल विस्तार गर्दा खानेपानी मन्त्रालय र स्वास्थ्य मन्त्रालयको जिम्मेवारीमा रहेका तिलकुमार मेन्याङ्बोलाई स्वास्थ्य मन्त्रालयको जिम्मेवारी दिइएको थियो । पर्यटन, वन तथा वातावरण मन्त्रालय र उद्योग कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा रहेका पाँचकर्ण राईलाई पर्यटन, वन तथा वातावरण मन्त्रालय र एकराज कार्की भौतिक पूर्वाधार विकासमन्त्री बनेका थिए । सिर्जना राई सामाजिक विकास राज्यमन्त्री बनेकी थिइन् ।

कार्कीले असोज ८ गते मोरङका लिलाबल्लभ अधिकारी लाई आन्तरिक मामिला तथा कानुन मन्त्री र सोलुखुम्बुका बुद्धिकुमार राजभण्डारीलाई खानेपानी सिँचाई तथा उर्जामन्त्री नियुक्त गरेका थिए । त्यस्तै सुनसरीका रामप्रसाद महतो उद्योग कृषि सहकारी राज्यमन्त्री र धनकुटाका निरन राई आर्थिक मामिला तथा योजना राज्यमन्त्रीमा नियुक्त भएका थिए ।

## चारीको मोटरसाईकल सहित दुई पक्राउ



विराटनगर । झापाको भद्रपुर नगरपालिका-४ तारानगर स्थितबाट चोरीको मोटरसाईकल सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बाह्रदशी गाउँपालिका-२ का ३५ बर्षीय जफिर आलम, देश भारत बिहार किसनगंज जिल्ला शकिनतोतुलगुडी रुईधासाका २९ बर्षीय मो.जुबेर रहेका छन् । आज बिहान उनिहरुले मे ११ प ४३०७ नम्बरको मोटरसाईकल चोरी गरी लादै गरेको अवस्थामा प्रहरी चौकी महेशपुर झापाबाट गस्तीमा खटिएको प्रहरी टोलीले शंकालागी उनीहरुलाई नियन्त्रणमा लिएको थियो ।

उक्त मोटरसाईकल बिर्तामोड नगरपालिका-४ मेघावारी बाट चोरी गरी ल्याएको खुल्न आएको छ भने घटना सम्बन्धमा वडा प्रहरी कार्यालय भद्रपुरबाट थप आवश्यक अनुसन्धान भईरहेको छ ।


## नागरिकको कर्तव्य पूरा गरौं, भ्रष्टाचार र अनियमितता विरुद्धमा उजुरी गरौं ।

- घुस लिने र दिने दुवै अपराधी हुन् ।
- सार्वजनिक सम्पत्ति साझा सम्पत्ति भएकोले दुरुपयोग हुन नदिऔं ।
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।

तसर्थ :

- भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा भएमा राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजुरी दिऔं ।
- विकास निर्माणका आयोजनाहरुमा प्राविधिक परीक्षण गराऔं ।
- सार्वजनिक खरिद ऐन र नियमावली पालना गरी आयोजना सम्पन्न गराऔं ।
- सुशासन र सदाचार पद्धति कायम राख्ने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोल्डेन हस्पिटल, परिवार
हस्पिटल चौक, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रनिको आवाशीय माध्यमिक विद्यालय
परिवार, तीनटोलिया विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
संतोष साह (के. अध्यक्ष)
नेपाल सुडी समाज परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विराट आँखा अस्पताल
परिवार रोडशेष चौक, विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

### कोशी प्रदेश हाक्ने पालो कस्को ?

कोशी प्रदेशका सबभन्दा ठूलो दलका मुख्य मन्त्री असोज २० गते राजीनामा दिएसंगै कोशी प्रदेशमा संविधानको धारा १६८ को उपधारा ३ को प्रयोग सकिएपछि सोही धाराको उपधारा ५ बमोजिम नयाँ सरकार गठन प्रक्रिया शुरु भएको छ। उपधारा ५ बमोजिम प्रदेश सभामा बहुमत पुऱ्याउन सक्ने ९३ प्रदेश सभा सदस्य मध्ये जो कोहीले ४७ जना सदस्यको हस्ताक्षर सहित पत्र बुझाउँछ सो सदस्यलाई मुख्यमन्त्रीमा प्रदेश प्रमुखले नियुक्त गर्छ। प्रदेश प्रमुखले असोज २६ गते भित्र आफ्नो दावी पेश गर्न आह्वान गरेसंग कोशी प्रदेश हाक्ने पालो अब कस्तो भन्ने प्रश्न खडा भएको छ।

कोशी प्रदेशको मुख्यमन्त्री बन्न संविधानको व्यवस्था अनुसार कुनै पनि राजनीतिक दलको संसदीय दलको नेता भई राख्नु पर्दैन जसले गर्दा अव कुनै राजनीतिक दलवाट जुनपनि सांसदले ४७ जना सांसदको हस्ताक्षर गरी बुझाउने छन् सो सांसद कोशी प्रदेशको मुख्यमन्त्री भई प्रदेश सरकार संचालन गर्ने छन्। यस्तो अवस्थामा प्रदेश सभामा सहभागी राजनीतिक दल जनता समाजवादी पार्टी बाहेक कांग्रेस, एमाले, माओवादी र राप्रपा र जसपाका नेताहरुले आ-आफूले दावी गर्ने वताई सकेका छन्।

कोशी प्रदेशको ९३ सदस्यीय प्रदेशसभामा काग्रेस २९, माओवादी १३, एकिकृत समाजवादी ४ र जसपाका १ सदस्यको गठवन्धनमा ४७ सदस्य रहेको छ। त्यसैगरी एमाले सभामुख सहित ४०, राप्रपा ६, सिट रहको छ। अब बन्ने कुन पार्टीका कुन प्रदेशसभा सदस्यलाई कुन कुन दलका प्रदेशसभा सदस्यले समर्थन गर्ला त्यो हेर्न वाकी नै छ। कोशी प्रदेशमा सवै पार्टी मिलेर जानुको विकल्प छैन। त्यसैले कोशी प्रदेशमा कोही पनि कसैलाई निषेधको राजनीति छोडेर मिलेर जानु आवश्यक देखिन्छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# यौनमा पनि समानता खोज्ने कि !

**शोभा बजगाई**

लैङ्गिक समानताका विभिन्न आयाम हुन्छन्। हामी केमा समानता खोज्छौं ? या चाहन्छौं ? सामान्यतया पेशा, व्यवसाय, भान्छा, नेतृत्व, शिक्षा लगायत विभिन्न विषय र क्षेत्रमा समानता खोज्छौं। तर यौनमा समानताको सवाल यसरी खुलेर खोज्दैनौं, जसरी कि यो त्यति आवश्यक छैन।

चाहे त्यो श्रीमान् श्रीमती बीचमा हुने सम्बन्ध होस् या पार्टनर बीचमा, हामी अक्सर मौन बस्न रुचाउँछौं। हुन त हाम्रो हुर्काइ, शिक्षा (औपचारिक/अनौपचारिक) र हाम्रो वरिपरिको सामाजिक, सांस्कृतिक र धार्मिक वातावरणले यस विषयमा न बोल्न सिकायो, न सुन्न सिकायो। न त सोध्न नै सिकायो।

यौनमा भएका बेमेल र जिज्ञासाहरू भन्न हामी हिच्कि चाउँछौं। डराउँछौं। किनभने, हाम्रो जस्तो सामाजिक, सांस्कृतिक चिन्तनको घेरा साँघुरो भएको समाजमा यौनको बारेमा खुलेर बोल्नु छाडा हुनु हो।

यौनको बारेमा बहस गर्नु अराजक हुनु हो। अश्लील हुनु हो। यद्यपि यौन सम्बन्धहरू भित्र भएका कैयौं असमानता र असहजता विरुद्ध हामी बोल्न जरूरी छ।

नेपाल प्रहरी तथा अन्य निकायको तथ्यांकलाई आधार मान्दा महिला/किशोरीमाथि हुने हिंसामध्ये सबैभन्दा बढी घरेलु हिंसा (लगभग ६०-७० प्रतिशत) हुने गरेको छ। बीबीसी मिडियाका अनुसार विगत ५ वर्ष २०७२/७३ देखि २०७७/७८ मा घरेलु हिंसा ६० हजार रहेको उल्लेख छ। एकातिर घरेलु हिंसाको तथ्यांक भयावह छ भने अर्कोतिर कानुनी न्यायको लडाइँ उत्ति नै झन्झटिलो र डरलाग्दो छ। कानुनी न्याय असम्भवप्राय: छ।

वडास्तरमा रहेका मेलमिलाप कर्ताले समुदायस्तरमै मेलमिलाप को माध्यमबाट यस प्रकारका घटना टुङ्गोमा पुऱ्याउनुपर्ने कानुनी व्यवस्था छ भने दोस्रो/तेस्रो चरणमा न्यायिक समिति हुँदै एकाध घटना अदालतसमक्ष पुगे पनि अदालती प्रक्रियामा पीडितले थप धेरै ठाउँमा पीडित हुनुपर्छ। घरेलु हिंसामा अदालती फैसला भएको घटना नगण्य हुन्छ भने फैसला भए पनि उक्त फैसला कार्यान्वयनमा धेरै जटिलता देखिन्छ।

अब कुरा जोडौं यौनको। यसरी घरेलु हिंसाबाट गुज्रेका महिलाहरूसँग सूक्ष्म ढंगले परामर्श गर्दै जाँदा, मनो विमर्शका सेसनबाट पीडाका कारणको उत्खनन् गर्दै जाँदा, धेरैमा झगडाको जड कारण दुईवटा निस्कन्छन्। एउटा यौन र अर्को महिलाको श्रम। अर्थात्, खाना कस्तो नमिठो पकाइस् भन्यो पिट्यो, शारीरिक आक्रमण गऱ्यो। लुगा किन धोइनस् भन्यो झर्कियो, रिसायो र अन्त्यमा हात हाल्यो !

मोजा कहाँ छ भन्यो, यो छैन, ऊ छैन भन्यो, कति गनगन गर्छेस् भन्यो पिट्यो ! तर झगडाको मनोविज्ञान भने, भनेको समयमा, भनेको जसरी र भनेको जति पटक यौन सम्बन्ध स्थापित गर्न नपाउनु हुन्छ। यी यौन कुण्ठाहरू विभिन्न बहानाबाट पोखिएको स्वयम् महिलाहरूको अनुभूति रहेको हुन्छ। यस प्रकारका हिंसा यौनमा भएका कुण्ठाका 'बाइप्रडक्ट' हुन् पनि भन्दा खासै फरक नपर्ला !

त्यस्तै, औसतमा महिलाले पुरुषको तुलनामा दिनको दुई घण्टा बढी काम गर्छन् तर पनि महिलाको उक्त श्रमको न त आर्थिक गणना छ न त सामाजिक मूल्य नै। यसैलाई औजार बनाएर गरिएको असमान सम्बन्धको श्रेणीकरण ले हामीलाई कहाँ पुऱ्याउला ?

बोलीचालीको भाषामा, साहित्य तथा मनोरञ्जनका विभिन्न विधामा र छलफलको क्रममा पुरुष पात्रले यौन सम्बन्धको कुरा सामान्य ढंगले गरिरहेका हुन्छन्। जस्तो कि: त्यसलाई कसरी 'पट्याउने' वा 'भ्याउने' भन्ने शब्द सहज रूपमा प्रयोग गर्दछन्।

यौनको सम्बन्धमा हाम्रो समाज पुरुषप्रति धेरै उदार छ। उनीहरूलाई कुनै प्रकारको श्लील-अश्लीलको ट्याग लाग्दैन। संवादको वातावरण र 'सर्कल' यत्रतत्र छ। यो सामाजिक पूँजीको कारणले पनि यौनको सवालमा पुरुषहरूलाई प्रधान हुन सघाएको हो।

तर, हामी महिलालाई त्यति सहज छैन। हामी आफ्ना साथीहरूसँग पनि यौनका मामलामा त्यति उदार रूपले प्रस्तुत हुन सक्दैनौं। जिज्ञासा र द्विविधा पनि खुलेर छलफल गर्न सक्दैनौं। यौनमा जहिले पनि पुरुषले प्रस्ताव गर्ने हो।

एउटी असल (समाजले असल भनेकी) महिलाले पुरुष अनुकूल भइदिनुपर्छ भन्ने हाम्रो सामाजिक रूपमा स्थापित मान्यता हो। जसको कारणले हामी महिलालाई भने सधैं खुम्च्याइरह्यो। यौनप्रति संकुचित बनाइरह्यो। हामीलाई अनुदार बनाएर यौनमा हाम्रो भूमिकालाई सधैं गौण बनाएकै छ आजसम्म पनि।

नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा २ ले 'महिलालाई सुरक्षित मातृत्व प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ' भनेर मौलिक हकको रूपमा स्थापित गरेको छ। तर, हामी कति महिला आफ्नो श्रीमान् पार्टनरलाई आज मलाई शारीरिक सम्बन्ध राख्न मन लाग्यो भन्छौं ? अथवा आफू तयार नहुँदा यौन सम्बन्धमा सहभागी हुन अनिच्छा जाहेर गर्छौं ? अथवा यौनजन्य गतिविधिमा समान सहभागिता जनाउँछौं ? वा यौनमा आनन्दको अनुभूति बराबर गर्छौं ? हामीले आफ्नो पार्टनरलाई प्रश्न गरौं। हामीले आफूलाई पनि प्रश्न गरौं।

अहिलेसम्मको हाम्रो अनुभव र भोगाइले यौन पुरुषले माग्ने र महिलाले दिने चिज हो भनेर स्थापित गरेको छ। जबसम्म यौनलाई दिने र लिनेको कसीमा राखिन्छ, तबसम्म यौन सम्भोग हुनै सक्दैन। अनि महिला भोग्या हो भन्ने सवाल हाम्रा ओछ्यानले दिनहुँ पुष्टि गर्दै जान्छन्।

डा. अनन्या मण्डलले सन २०१७ मा यौन र वैवाहिक चिकित्सा साथै महिलाहरूमा चरमोत्कर्ष, यौन आनन्द र यौनिक छुवाइसँग सम्बन्धित अनुभवहरूको मूल्यांकन का विषयमा एक अध्ययन गरेकी छन्। जसमा १०५५ जना १८ वर्ष माथिका संयुक्त राज्य अमेरिकाका महिला तथा किशोरी सहभागी थिए।

उक्त अध्ययनमा सबै उमेर समूह, जात, वर्ग, आर्थिक र शैक्षिक अवस्थाका सहभागीहरू रहेका थिए। जस अनुसार, १८ प्रतिशतले योनीभित्र लिंग प्रवेश गराउँदा मात्र पनि चरमोत्कर्षमा पुग्ने गरेको बताए। त्यसैगरी ३६ प्रतिशतले चरमोत्कर्षमा पुग्न भंगाकुर (क्लिटोरिस) स्पर्शलाई लिए भने ३६ प्रतिशतले भंगाकुर (क्लिटोरिस) स्पर्श पश्चात् मात्र योनी भित्र लिंग प्रवेशले चरमोत्कर्षमा पुग्ने बताएका छन्।

बाँकीले 'पेनिटेटिभ इन्टरकोर्ष' ले चरमोत्कर्षमा पुगेको बहाना मात्र गर्ने गरेको बताएका छन्। अध्ययनमा सहभागीमध्ये ४१ प्रतिशत महिलाले आफ्नो पार्टनरबाट यौनिक छुवाइको अपेक्षा राख्ने गरेको उल्लेख छ।

त्यस्तै, प्रो. ओस्मो कोन्टुलाले फिनल्याण्डको हेलसिन्कीमा एक अध्ययन गरे। उक्त अध्ययन ८ हजार महिलाको यौन अनुभव कस्तो छ भन्ने विषयमा केन्द्रित थियो। उक्त अध्ययनमा सहभागी ३५ वर्षभन्दा कम उमेर समूहका महिलाले पहिलो पटकको चरमोत्कर्ष हस्तमैथुनबाट प्राप्त गरेको उल्लेख छ भने ३५ प्रतिशतले यौन सम्बन्धबाट कहिल्यै पनि चरमोत्कर्षमा नपुगेको बताएका छन्।

यसै सन्दर्भमा भारतमा भएको एक अध्ययनले पनि ७० प्रतिशत भारतीय महिला यौन सम्पर्कको अवस्थामा चरमोत्कर्षमा नपुग्ने उल्लेख गरेको छ। उक्त अध्ययन १००० जनामा गरिएको थियो। जसमा ५०.७ प्रतिशत महिलाले बिहानीको समयमा हुने यौनसम्बन्ध नरुचाउने बताएका छन् भने ३२.९ प्रतिशतले बिहानीको समयमा आफू शिथिल हुने भएकोले यौन सम्बन्धको लागि तयार नहुने बताएका छन्। तर,

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# नेपाली चलचित्रको प्रवर्द्धनमा सघाउन आग्रह

विराटनगर । युरोप भ्रमणमा रहेका अभिनेता एवं चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी यतिबेला माल्टा पुगेका छन् ।

स्वीट्जरल्याण्ड हुँदै माल्टा पुगेका उनले त्यहाँस्थित ब्लु हर्स इन्टरटेन्मेन्टको उद्घाटन गरेको थियो । एमसिदा जिराको ब्ल्याक पर्ल रेष्टुराँमा आयोजित समारोहमा अध्यक्ष केसीले माल्टाबासी नेपालीहरु माँझ नेपाली चलचित्र र कला संस्कृतिको प्रवर्द्धनमा सघाउन समेत आग्रह गरेका थिए ।

नेपालीपनको आभास दिलाउन सक्ने कार्यक्रम आयोजना गर्न सके बोर्डबाट हुनसक्ने सम्पूर्ण सहयोग गर्न तयार रहेको उनले बताए । लोकगायिका सुनिता दुलाल समेत सहभागी कार्यक्रममा उनको सांगीतिक प्रस्तुतिले माहौंल तताएको थियो । उनले आफ्ना चर्चित गीतहरु सुनाएर मनोरंजन प्रदान गरेकी थिइन । नायिका जिया केसीसँगै त्यहाँ पुगेका अभिनेता केसीले समेत कार्यक्रममा गीत गाएका थिए ।



युरोपका विभिन्न मुलुकमा नेपाली कला संस्कृति, एवं भेषभुषाको प्रवर्द्धन सँगै व्यवसायिक ढंगले विभिन्न मनोरंजनात्मक गतिविधि आयोजना गर्ने उद्देश्यले उक्त संस्था खोलिएको यसका परिकल्पनाकार तथा संरक्षक जिके शर्माले बताए । यसका निम्ति नेपालस्थित राइज मिडिया नेटवर्कसँग सहकार्यका निम्ति समझदारी भएको समेत उनले जानकारी गराए ।

राइज मिडिया अडियो भिडियो निर्माण तथा इभेन्ट म्यानेजमेन्ट सँगै संचार क्षेत्रमा आबद्ध संस्था हो । माल्टा लगायत युरोपमा रहेका नेपालीहरुलाई एकताबद्ध गरी नेपालको मौलिकतालाई युरोपमा प्रवर्द्धन गर्न ब्लु हर्स इन्टरटेन्मेन्ट निरन्तर सक्रिय रहने समेत शर्माको भनाई थियो । यस संस्थाको संरक्षक उदयबाबु श्रेष्ठ रहेका छन ।

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् माल्टाका अध्यक्ष रेमलाल खनाल (रेम्स) तथा संस्थापक अध्यक्ष तेज बहादुर लिम्बु द्धयले नेपाली कला संस्कृतिको प्रवर्द्धनका लागि नयाँ खुलेको संस्थालाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । एनआरएन माल्टाका सल्लाहकार हरि बिसिले समग्र टिमलाई शुभकामना व्यक्त गर्दै ब्लु हर्स इन्टरटेन्टमेन्टले युरोपमा रहेका नयाँ प्रतिभाहरुलाई आफ्ना प्रतिभा प्रस्फुटन गर्न महत्वपूर्ण अवसर प्रदान गर्न सक्ने विचार राखेका थिए ।

माल्टाबासी नेपाली, विभिन्न संघ संस्था प्रतिनिधि एवं व्यवसायीहरुको उपस्थिति रहेको कार्यक्रम ब्लु हर्स इन्टरटेन्मेन्ट संयोजक डम्बर राणाको संयोजकत्वमा भएको थियो । कार्यक्रमको संचालन असिम लोप्चनले गरेका थिए । माल्टा पछिल्लोसमय नेपालीहरुका लागि रोजगारीको आकर्षक गन्तव्य बनेको छ ।

# प्रहरी उपरीक्षकलाई सम्मान



राजेश कुमार राजवंशी

विराटनगर । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक सरोज पौडेललाई एकै दिन चारवटा संस्थाले स्वागत तथा सम्मान गरेका छन् ।

सामुदायिक प्रहरी केन्द्र तीनपैनीले स्वागत गरेको छ ।

सोमबार एक कार्यक्रमको आयोजना गरी पौडेललाई सामुदायिक प्रहरी सेवा केन्द्र तीनपैनीका साथै थारू कल्याणकारी सभा विराटनगर समिति, श्रीहरि सत्संग समिति नेपाल र आदिवासी जनजाति महासंघ कटहरीले संयुक्त रूपमा स्वागत तथा सम्मान गर्दै सफल कार्यकालको शुभकामना समेत दिएका थिए ।

स्वागत तथा सम्मान कार्यक्रमका प्रमुख अतिथी समेत रहेका पौडेलले आफ्नो जिम्मेवारी र कर्तव्य बिनास्वार्थ पूरा गर्ने प्रतिवद्धता जनाएका थिए ।

उक्त कार्यक्रमको अतिथीको रुपमा ट्राफिक प्रहरी कार्यलय मोरङका प्रमुख प्रहरी अधिकृत सुमन न्यौउपने, सामुदायिक प्रहरी सेवा केन्द्रका उपाध्यक्ष पूर्व प्रहरी उपरीक्षक विद्यानन्द माझी, सल्लाहकार समाजसेवी नन्दकिशोर राठी, श्री हरि सत्संग समितिका अध्यक्ष भीखम चन्द सरल , सामुदायिक प्रहरी कार्यसमिति सदस्य समाज सेवी लगायतको उपस्थिति रहको थियो ।

सो कार्यक्रम सामुदायिक सेवा केन्द्रकी सभापति मीना जोशीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय विराटनगर,परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भिलानन्द यादव (प्रमुख)
सरी मोरंग सिचाई आयोजना परिव

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुर्यनाथ प्रसाद सिंह (के. अध्यक्ष)
वृहत मधेशी नागरिक समाज

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शिव सुन्दर ज्वेलर्स
रिवार रामजानकी पथ विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
महेश कुमार साह स्वर्णकार (अध्यक्ष)
नेपाल सोनार समाज मोरंग, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हाजी आँखा अस्पताल परिवार
रानी विराटनगर

क्राईम अपरेशन

# बाली उपचारका साथै विषादी वितरण

विराटनगर । कृषि ज्ञान केन्द्र मोरंगले जहदा गाउँपालिका वडा नं. ७ मा जहदा गाउँपालिका उपाध्यक्ष हन्ना सोरेनका प्रमुख आतिथ्यमा सोमाबार बाली उपचार शिविरको आयोजना गरी विषादी समेत वितरण गरीएको छ ।

जहदा गाउँपालिका कृषिक हरुले आ-आफ्ना खेतीमा लगाएका बालीहरु जस्तै धान, तरकारीका विरुवा, आँप, लिच्ची लगायतका रोग लागेका बाली लिएर बाली शिवरमा आएका थिए । ती विरुवाहरुको रोग पत्ता लगाई सो रोग निवारकाका लागि विषादी समेत वितरण गरको थियो ।

उक्त शिविरमा बालीमा रोग पत्ता लगाउनका लागि कृषि विकास निर्देशनालय मोरंगका बाली संरक्षण अधिकृत सरस्वती श्रेष्ठ, कृषि ज्ञान केन्द्र मोरंगका बाली संरक्षण अधिकृत रेणु यादव, वागवानी अधिकृत आदर्श कुमार सिंह र धर्मेन्द्र कुमार सिंहले रोग लागेका बालीहरुको परिक्षण गरी



लागेको रोगको निवारणको लागि विषादी औषधी विरण गरका थिए ।

जैविक तथा रसायनिक विषादी वारे जानकारी दिई कुन रोगमा कुन विषादी प्रयोग गर्ने वारे समेत जानकारी गराई बाली उपचार शिविरमा आएका ८० जना किसानहरुलाई विषादी औषधी वितरण गरको थियो । बाली उपचार शिविर कृषि ज्ञान केन्द मोरंगका निमित्त प्रमुख रामदेव सिंह अध्यक्षतामा सम्पन्न भएको थियो ।

## साझा चौतारीको छैठौं साधारण सभा सम्पन्न

विराटनगर । जेष्ठ नागरिक साझा चौतारी सेवा समाज नेपाल ग्रामथान गाउँपालिका-२ झौराहाटको छैठौं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

ग्रामथान-२ स्थित झौराहाटमा जेष्ठनागरिक र समाजसेवी, राजनीतिक कर्मीहरु सहभागीता मा छैठौं वार्षिक साधारण सभा सम्पन्न गरेको हो ।

छैठौं वार्षिक साधारण सभाको उद्घाटन गर्नुहुँदै प्रतिनिधि सभाका सभासदस्य अमनलाल मोदीले जेष्ठ नागरिक भवन निर्माणका लागि सहयोग गर्ने प्रतिवद्धता जनाएका छ ।

ग्रामथान-५ कखरमारीमा जेष्ठनागरिक भवन निर्माणको काम ततकाल सुरु गर्न लागिएको जेष्ठ नागरिक साझा चौतारी सेवा

वांकी अन्तिम पेजमा...

## घरेलु हातहतियार सहित पक्राउ



विराटनगर । हिंसात्मक झडप हुन नपाई घरेलु हातहतियार सहित १५ जनालाइ प्रहरीले पक्राउ गरी अनुसन्धान थालेका छन् ।

विराटनगर महानगर पालिका-९ घोघापुल चोकमा दुई समूह बिच झडप हुन लागेको सूचना पाउन साथ जिल्ला प्रहरी कार्यालय मोरंगबाट खटिएको प्रहरी टोलीले घोघापुल र शनिमन्दिर चौकवाट १५ जनालाई पक्राउ गरी अनुसन्धान थालेको हो ।

हातहतियार सहित घटना घाटउनु अघी नै शंकित व्यक्तिहरूलाई नियन्त्रणमा लिइएको कारण दुई समूह विच हिंसात्मक झडप हुन नपाई सम्भाबित दुर्घटनामा टार्न सफल भएको प्रहरीको भनाई छ । पक्राउ पर्ने १५ जना व्यक्तिहरू मध्ये ६ जना १८ बर्ष वा सो भन्दा माथिका बयश्क रहेको छ ।

पक्राउ पर्नेमा मोरंग जिल्ला विराटनगर महानगरपालिका वडा नं. ४ को सेख कबी अली जिल्ला सुनसरी बर्जु गाउँपालिका वडा नं. ६ को बिजय चोधरी, राहुल दास, ललन कुमार मेहता, संजय मेहता प्रेम चौधरी रहेका छन् । उनीहरुको साथवाट तरवार-अन्दाजी ४ फिटको थान-१, खुर्पा थान- १, लाठी थान-५, फलामको धारिलो नोख थान-१, नोखको रूपमा प्रयोग गरिने धातुको चुरा थान-५, पेचकस थान-१ बरामद भएका छन् ।

पक्राउ परेका १५ जना उपर थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कोशी हेल्थ इन्सिटच्युट
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पवन सारडा (अध्यक्ष)
नेपाल उद्योग परिसंघ, कोशी प्रदेश

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
देव किसन मुन्दडा
देवेनारा ग्रुप, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
टिका पुरी (प्रमुख)
ऐभरेष्ट सेकेन्डरी स्कुल, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जुगल राठी
गोल्ड सिल्भर मार्ट, परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
माननीय राम प्रसाद मेहता
प्रदेश सभा सदस्य, कोशी प्रदेश

## यौनमा...

अध्ययनमा सामेल भएका ५१ प्रतिशत पुरुषले भने बिहानीको समयमा नियमित यौन सम्बन्ध राख्ने गरेको उल्लेख गरेका छन् ।

यी अध्ययनको सारबाट के स्पष्ट हुन्छ भने हामी विपरीत लिङ्गी व्यक्तिहरू बीचमा हुने यौन सम्बन्धमा भावनात्मक, शारीरिक, संवेगात्मक संलग्नता र यौनिक सुखानुभूति बीचमा ठूलो खाडल छ । यौनमा समानता हुन सबैभन्दा पहिला महिला आत्मनिर्भर, स्रोत माथिको समान पहुँच, आर्थिक रूपमा सबल र आत्मसम्मानपूर्ण जीवनयापन गरेको अवस्था पनि हुनुपर्दछ ।

हामी कति महिला आत्म सम्मानपूर्ण जीवन बाँचिरहेका छौं ? कति महिलाको आर्थिक स्रोत माथि समान पहुँच र निर्णयाधिकार छ ? यसले पनि हाम्रो ओछ्यानको सम्बन्धमा 'हाईरार्की' निर्धारण गर्दछ । हाम्रो जस्तो सबै तह र क्षेत्रमा महिलालाई दोस्रो दर्जामा 'दर्ज' गरिएको समाजमा यौनमा निरपेक्ष समानता खोज्नु जटिल छ ।

यस्तै कारणले गर्दा महिलाहरू आफ्ना श्रीमान्सँग सधैं विनयशील र अनुगृहीत हुनुपर्ने अवस्था छ । चाहे ओछ्यान होस् या अन्य पारिवारिक निर्णयका सवाल हुन् ।

एक जना पुरुष साथीसँगको संवादबाट थाहा पाएँ कि 'सेक्सुवल इन्टरकोर्ष' को बेला एक दिन श्रीमतीले अचानक सम्बन्ध ब्रेक गरिन् । किन यस्तो भयो भन्ने बुझ्ने धेरै प्रयास गरे, तर उनीबाट चित्तबुझ्दो उत्तर पाउन सकेनन् । उनको बुझाइ थियो कि यौनका लागि पार्टनरले पनि अगुवाइ लिनुपर्छ भन्ने विषयमा सधैं सजग बन्छु जस्तो लाग्थ्यो तर म जहिल्यै विफल बनेछु ।

श्रीमतीको यौनमा सन्तुष्टि/असन्तुष्टिहरू कस्तो छ ? उनको इच्छा/अनिच्छा केमा हुन्छ ? यस विषयमा हामी (श्रीमान/श्रीमती) बीच खुलेर संवाद पनि हुँदैन । फेरि हाम्रा बाँकी अरू सबै खाले सम्बन्ध, संवाद र व्यवहार स्वस्थ छन् ! किन यस्तो हुन्छ ?

उसको यो घटनाले मलाई नराम्रोसँग चिमोट्यो । हुन पनि यो संरचनाले पुरुषलाई यतिसम्म बलियो बनाएछ कि, केही कुरामा पनि कमजोर हुने छुटै छैन । अनि ऊ जबर्जस्त बलियो बनिदिन्छ ।

समाजमा, घरमा, अफिसमा अनि ओछ्यानमा । उसलाई पनि त कमजोरी स्वीकार्ने, सुधार्ने र महसुस गर्ने मौका दिइनुपर्छ ।

हामी त्यो समाजलाई प्रतिनिधित्व गर्छौं जसले 'मर्दका दश वटी', 'खुट्टा भए जुत्ता जत्ति पनि' भन्ने सामाजिक भाष्यलाई आजसम्म पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपले मलजल गरिनै रहेको छ । धेरै जनासँग यौन सम्बन्ध स्थापित गर्ने महिलालाई 'वेश्या', 'भालु' जस्ता अपमानजनक शब्दावलीको प्रयोग गर्दा हामीलाई अलिकति पनि लज्जाबोध हुँदैन ।

यौन पनि आधारभूत आवश्यकता हो । यसको विषयमा स्वस्थ संवाद, छलफल र विचार आदान-प्रदान हुनुपर्छ । साहित्य तथा विचार उत्पादन गर्ने 'स्पेस' र नयाँ-नयाँ वैचारिकी मथ्ने ठाउँमा यौनका बारेमा स्वस्थ बहस गरौं । जसले यस प्रकारका कुरीतिजन्य मान्यता र भाष्यहरू माथि धावा बोल्न सकोस् । परिवर्तन अंगीकार गर्न सकोस् । र, उक्त परिवर्तनका हरेक हिस्सामा महिलाको पनि हस्तक्षेपकारी भूमिका होस् । जसले हामीलाई यौनप्रतिको संकीर्णता भत्काउन अहम् बनाउनेछ । अनलाईन खवरबाट

## मोटरसाईकल सहित दुई पक्राउ

विराटनगर । झापाको भद्रपुर नगरपालिका-४ तारानगर स्थितबाट चोरीको मोटरसाईकल सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बाह्रदशी गाउँपालिका-२ का ३५ बर्षीय जफिर आलम, देश भारत बिहार किसनगंज जिल्ला शकिनतो तुलगुडी रुईधासाका २९ बर्षीय मो.जुबेर रहेका छन् । आज बिहान उनिहरुले मे ११ प ४३०७ नम्बरको मोटरसाईकल चोरी गरी लादै गरेको अवस्थामा प्रहरी चौकी महेशपुर झापाबाट गस्तीमा खटिएको प्रहरी टोलीले शंकालागी उनीहरुलाई नियन्त्रणमा लिएको थियो ।

वांकी अन्तिम पेजमा...

## स्वास्थ्य

### निम : केकेमा लाभदायी ?

नीममा रहेका गुणहरूले अनेकौं रोगको उपचार काम गर्छन् । यसका औषधीय गुणका कारण आयुर्वेदमा यसको प्रयोग हजारौं वर्षदेखि हुँदै आइरहेको छ । नीमलाई संस्कृतमा अरिष्ट भनिन्छ जसको अर्थ लाग्छ श्रेष्ठ, पूर्ण र कहिल्यै खराब नहुने ।

नीमका डाँठ, जरा, बोक्रा र फल सबैमा शक्तिवर्द्धक तत्व विद्यमान हुन्छन् अनि रोगविरुद्ध लड्छन्। यसको बोक्रा विशेष गरी औलो र छाला सम्बन्धी रोग निको पार्नका लागि उपयोगी हुन्छन् । नीममा मधुमेह, क्यान्सर, मुटुरोग, एलर्जी लगायतका कैयौं रोगसँग लड्ने क्षमता हुन्छ । आयुर्वेदमा यसलाई सर्वरोगनिवारिणी भनिएको छ ।

पृथ्वीमा जीवन सूर्यको शक्तिबाट नै चलेको हुन्छ । सूर्यको ऊर्जाबाट जन्मेको तमाम जीवहरूमा नीमले नै सबभन्दा बढी सूर्य ऊर्जा सोसेको छ। त्यसैले यसलाई रोगनिवारक मानिएको छ ।

नीमको एक पातमा १५० भन्दा धेरै रासायनिक प्रबन्ध हुन्छ । यस धर्तीमा पाइने पातहरूमा नीमको पात नै सबैभन्दा जटिल हुन्छ ।

नीमको पातले मानसिक रोग, दन्तरोग, छालाको रोग लगायत धेरै रोग निको पार्छ । तपाईंले घरमा नीम रोप्नुभएको छ भने तपाईंमा यसको राम्रो प्रभाव पर्छ ।

शरीरमा करोडौं ब्याक्टेरिया हुन्छन् । तीमध्ये धेरैजसो ब्याक्टेरियाहरू हानिकारक हुन्छन् । ती हानिकारक ब्याक्टेरियालाई मार्नका लागि नुहाउनुअघि शरीरमा नीमको लेप लगाउनुस् र शरीरमै सुक्न

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कान्तिपुर कलेज, परिवार
मेनरोड विराटनगर-१०

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
आरके चिल्ड्रेन हस्पिटल
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
वेवी आईस क्रीम उद्योग
परिवार, केशलिया मार्ग, भठ्ठी मोड विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रकाश मुन्दडा
उद्योगी/व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नन्द किशोर तापडिया
उद्योगी/व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्र राउत
उद्योगी/व्यवासयी